# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# अपि हिमाल गाउँपालिका
# दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७६।७७ मितिः २०७७/०३/२६
च.नं. ४१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।


श्री अध्यक्ष ज्यू,
अपि हिमाल गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, दार्चुला ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७६।०७७
च.नं. ५१५

मितिः २०७७।३।२६

श्री अध्यक्ष ज्यू,
अपि हिमाल गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, दार्चुला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले अपि हिमाल गाउँपालिका, दार्चुलाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. २ करोड १० लाख ९५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २४ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१३ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २४ लाख ५९ हजार, पेश्की बाँकी रु.४८लाख ३० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया तथा प्रमाण पेश हुन नआएबाट सोही बमोजिम कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १६ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय
२०७६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# अपिहिमाल गाँउपालिका, दार्चुला
## लेखापरीक्षण प्रतिवेदन
**आर्थिक वर्ष : २०७५/०७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न अपिहिमाल गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । अपि हिमाल गाँउपालिका अर्न्तगत ६ वडा रहेकोमा ३१ सभा सदस्य छन । यस गाँउपालिकाको जम्मा ६१३ व.की.मी.क्षेत्रफल रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनसार जम्मा ७६८८जना जनसंख्या रहेको छ। जुन सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम अपि हिमाल गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क. स. | आयतर्फ | | | क.स . | आयतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५,२१,४१,३४२।२९ | १ | चालु खर्च | | ११,६३,३३,५२१।५० |
| | क) नगद | ०।०० | | २ | पुजीगत खर्च | | १२,६३,२१,२६०।१५ |
| | ख) बैक | ५,२१,४१,३४२।२९ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजश्व (आन्तरिक आय) | | ३,२८,८३,३१४।५८ | ४ | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजश्व | २३,९७,९८८।१६ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजश्व बाँडफाड | ३,०४,८५,३२६।४२ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण | | १८,०५,०२,५००।० | | क) ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६,००,००,०००।०० | | | ख) शेयर लगानी | | |
| | ख) शर्सत अनुदान | ८,१५,५५,५००।०० | | | ग) अन्य लगानी | | |
| | ग) सम्पुरक अनुदान | १,११,९१,०००।०० | | ५ | धरौटी फिर्ता | | |
| | घ) विशेष अनुदान | २,००,००,०००।०० | | ६ | कोषखर्च | | |
| | ङ) फिनल्याण्ड बाट सोझै अनुदान | ७७,५६,०००।०० | | ७ | गत वर्षको बाकी रकम संघिय संचित कोषमा फिर्ता | | ६३,८५,०४२।३५ |
| ४ | प्रदेश सरकार बाट प्राप्त अनुदान | | ६९,४६,०००।०० | ८ | मौज्दात | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६५,४६,०००।०० | | | क) नगद मौज्दात | | |
| | ख) शर्सत अनुदान | ० | | | ख) बैक मौज्दात | | ४,००,६२,०८८।८७ |
| | ग) सम्पुरक अनुदान | | | | | | |
| | घ) अन्य आम्दानी | ४,००,०००।०० | | | | | |
| ५ | अन्तर स्थानिय तहबाट प्राप्त | | | | | | |
| ६ | वित्तिय व्यवस्था प्राप्ती | | १,५२,९८,४००।०० | | | | |
| | क) प्रदेश तथा स्थानिय क्षमता विकास कार्यकम | ३,०५,०००।०० | | | | | |
| | ख) झोलुगेपुल क्षेत्रगत कार्यकम | २८,००,०००।०० | | | | | |
| | ग) स्थानिय पुर्वाधार विकास कार्यकम | २०,००,०००।०० | | | | | |
| | घ) सामाजिक सुरक्षा कार्यकम | ७५,१५,०००।०० | | | | | |
| | ङ) प्रधानमन्त्री रोजगार कार्यकम | २६,७८,४००।०० | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | | | |
| १० | धरौटी आय | १३,३०,३५६।०० | १३,३०,३५६।०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | लगानीको सावा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| **जम्मा** | | **२८,९१,०१,९१२।८७** | **२८,९१,०१,९१२।८७** | | **जम्मा** | | **२८,९१,०१,९१२।८७** |

| | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **रकम** |
|---|---|---|
| १. | **आय-व्यय अनुमान :-**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा आय-व्ययको बजेट कार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गर्ने र सभाले असार मसान्त भित्र पारित गर्ने व्यवस्था छ। आर्थिक बर्ष २०७५/०७६ को लागी सभाबाट रु.२४ करोड ४९ लाख ०७ हजारको आय-व्ययको बजेट पारित भएकोमा गाँउपालिकाबाट पेश भएको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत आय-व्यय विवरणबाट रु.२८ करोड ९१ लाख २ हजारको आय-व्ययको आर्थिक कारोबार भएको देखिएकोले सभाबाट पारित बजेट भन्दा रु. ४ करोड ४१ लाख ९५ हजार वढी देखियो। सभाबाट पारित बजेट भन्दा वढीको आय-व्ययको कारोबार हुँदा बजेट अनुमान यथार्थ परक हुन नसकेको र सभाबाट पारित वजेटको सिमा नाघेको छ। बार्षिक आय-व्ययको वजेट अनुमान तयार गर्दा यथार्थ परक हुनु पर्ने र सभाबाट स्वीकृत बजेट भन्दा वढी भएको रकमको सभाबाट अनुमोदन हुनुपर्दछ। | |
| २. | **वजेट निकासा-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा खर्चको अख्तियारी पठाउनु पर्ने र रकम निकासा गर्ने व्यवस्था छ। प्रदेश सरकारबाट प्राप्त अनुदान रकमको खर्चको अख्तियारी नभएको, रकम निकासा आदेश प्राप्त नभएको, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा खर्च भिडान भएको आर्थिक विवरण नभएको र आन्तरिक लेखापरिक्षण समेत भएको देखिएन। खर्च गर्ने अख्तियारी निकासा आदेश निकासा खर्च भिडान तथा आन्तरिक लेखा परीक्षण नभएबाट निकासा खर्च एकीन गर्ने कार्य एवं खर्च गर्ने आधार स्पष्ट हुदैन। गाँउपालिकालाई रकम प्राप्त हुँदा खर्च गर्ने अख्तियारी सहित निकासा प्राप्त हुनुपर्ने र निकासा गर्ने सम्बन्धित निकायले निकासा खर्च भिडान भएको आर्थिक विवरण सहित आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोबारलाई पारदर्शी र दुरुस्त वनाउनु पर्दछ। विवरण निम्न अनुसार छ।<br>**सि.नं.** \| **अनुदान शिर्षक** \| **रकम रु.**<br>१ \| वित्तिय समानिकरण अनुदान \| ६५४६०००.००<br>२ \| अन्य \| ४०००००.००<br>**जम्मा** \| \| **६९४६०००.००** | |
| ३. | **बैंक हिसाव मिलान-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। महालेखा परीक्षकबाट स्वीकृत म.ले.प. फाराम बैंक हिसाव मिलान विवरण तयार गरेको देखिएन। बैंक हिसाव मिलान विवरण तयार नगरेबाट श्रेस्ताबाट देखिएको मौज्दात रकमको वास्तविक बैंक मौज्दात रकम भिडान हुदैन। आर्थिक वर्षको अन्त्यमा श्रेस्ताबाट रु.४००६२०८८।८७ मौज्दात देखिएकोमा बैंक स्टेटमेन्टबाट बार्षान्तमा रु.४२४९९८२८।८७ देखिएबाट रु.२४३७७४०।००फरक परेको रकमको एकीन गरी हिसाव मिलान हुनुपर्दछ। | |
| ४. | **आय व्यय विवरण सार्वजनिक नगरेको :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। कार्यालयले मासिक आय व्यय विवरण तयार नगर्दा आय र व्ययको यथार्थ एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ। आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ। | |
| ५. | **कार्ययोजना नभएको-** स्थानीय तहमा बजेट तर्जमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धि निर्देशिका २०७४ को वुदा २.९ मा गाँउसभा बाट स्वीकृत वजेटको प्रभावकारी कार्यान्वयनको लागी समयसिमा सहितको कार्य योजना वनाई कार्य सम्पादन गर्नु पर्ने व्यवस्था छ। गाँउ सभाबाट स्वीकृत वजेट रु.२४४९०७०००।०० को समय सिमा सहितको कार्ययोजना वनाएको देखिएन। स्वीकृत वजेटको समय सिमा सहतिको कार्ययोजना नवनाउदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्दछ। स्वीकृत बजेट कार्यन्वयनलाई प्रभावकारी वनाउन समय सिमा सहितको कार्ययोजना वनाई वजेट कार्यन्वयन हुनु पर्दछ। | |
| ६. | **विवरण सार्वजनिक नगरेको :-** स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा २.१० मा स्थानीय तहबाट गरिने निर्माण कार्यस्थलमा सो काम संग सम्बिन्धित विवरणहरु आयोजनाको नाम, लागत, कार्यशुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ठेकका लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि देखिने गरी काम सम्पन्न नभए सम्म सर्वसाधारणले देख्ने सक्ने गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । स्थानीयले गरेका निर्माण कार्यहरुको योजनागत अभिलेख कार्यालयमा नरहेको र निर्माण कार्यास्थलमा योजनाको विवरण रहेको खर्च एवं अन्य कुनै विवरणबाट देखिएन । निर्माण कार्यस्थलमा विवरण नरहदा योजना एवं निर्माण कार्यको सर्वसाधारणलाई यथार्थ जानकारी नहुने देखिन्छ । प्रत्येक निर्माण कार्यको निर्माण स्थलमा सर्वसाधारणले देख्न सक्ने गरी योजनाको विवरण राखिनु पर्दछ । | |
| ७. | **योजना वनाई कार्यान्वयन गर्ने-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस्तो योजना वनाएको देखिएन । योजना नवन्दा योजनावद्ध विकास निर्माणका कार्यहरु कार्यान्वियन नहुने देखिन्छ । तोकिएका योजनाहरु वनाई योजनावद्ध कार्यान्वियन गरिनु पर्दछ । | |
| ८. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजिगत तर्फ कुल खर्च रु.१२ करोड ६३ लाख २१ हजार रहेकोमा प्रथम चौमासिकमा १० प्रतिशत, दोश्रो चौमासिकमा २७ प्रतिशत र तेश्रो चौमासिकमा ६३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्रै ३०।५६ प्रतिशत खर्च भएकोले आषाढमा आएर खर्चको चाप वढेको कारण सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| ९. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको र आर्थिक वर्ष २०७५।०७६ को आन्तरिक लेखा परीक्षण समेत गराएको पाईएन । | |
| १०. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाँउपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । राजश्व आम्दानीको दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट गाँउपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।कार्यालयले दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारीशबापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो त्यसलाईनै आधार लिई हिसाब यकिन नगरी गाँउपालिकाले आम्दानी जनाएको रु.२३९७९८८।१६ यथार्थपरक देखिएन । आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम यकिन गर्नु पर्दछ । | |
| ११. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्वन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १२. | **अभिलेख अद्यावधिक:** स्थानिय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउ सभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउ सभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ , स्वीकृत मध्ये कुन – कुन कार्य भए र कुन -कुन कार्य हुन सकेन र गाँउसभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा आवश्यक छानविन गरी यथार्थता यकिन गरिनु पर्दछ । | |
| १३. | **शिर्षकगत आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५) मा स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सन्चित कोषको शीर्षकगत विवरण तयार गरेको देखिएन । शीर्षकगत विवरण तयार नगरेबाट शीर्षकगत आय व्ययको यथार्थता एकीन हुन नसक्ने देखियो । स्थानीय सञ्चित कोषको आय व्यय हिसावको यथार्थताको लागी शीर्षकगत देखिने गरी अभिलेख राखी चौमासिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्दछ । | |
| १४. | **आन्तरिक आय :** गाँउपालिकाले पेश गरेको आय व्यय विवरणमा आन्तरिक राजस्वमा जम्मा रु.२३९७९८८।१६ आम्दानी भएको देखाएको छ । जुन गत वर्ष भन्दा ४७८ प्रतिशतले बढी हो । गाँउपालिकाले आन्तरिक आय प्रक्षेपण गरेको छैन ।त्यस्तै आन्तरिक आम्दानीको स्रोत पहिचान नगर्नुका साथै भएका स्रोतहरुबाट के कति राजस्व संकलन गर्न सकिन्छ भनि त्यसको विश्लेषण समेत गरेको छैन । यसले गर्दा स्थानिय क्षेत्रको विकास गर्न संघीय सरकार र प्रदेश सरकारको अनुदानमा कमी ल्याउन आन्तरिक आम्दानीको स्रोत पहिचान गरी आन्तरिक आम्दानी मजबुत बनाउनु पर्दछ । | |
| १५. | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालयले रु १ लाख रुपैंया भन्दा बढी शुल्क लाग्ने सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग प्रतिस्पर्धाको आधारमा प्रस्ताब माग गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ। सो बिपरीत गाँउपालिकाले ११ जना कर्मचारी सोझै बार्ताद्धारा नियुक्ती गरी रु.३२४४६००।०० खर्च लेखेको पाइयो । नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी प्रतिस्पर्धात्मक मुल्यमा सेवा करार लिनुपर्दछ । | |
| १६. | **तलवी प्रतिबेदन :** स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा गाँउपालिकाले ५ जना कर्मचारीको तलब रु.२१ लाख ५० हजार खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १७. | **जिन्सी सम्पत्तीः** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ ।कार्यालयले लेखापरीक्षण अवधीसम्म खर्च भएर जाने र नजाने मालवस्तु तथा सम्पत्तीको जिन्सी निरीक्षण गरेको छैन । साथै जिन्सी निरीक्षणको लागी पहल समेत गरेको देखिन आएन । त्यसैगरी यो आर्थिक वर्षमा खरिद गरिएका माल वस्तु तथा सम्पत्तीहरु जिन्सी खातामा आम्दानी बाधेको भएपनि पूँजीगत प्रकृतिका खप्ने मालसामान र खर्च भएर जाने मालसमान लाई फरक-फरक संकेत नं. अनसुार फरक फरक जिन्सी खाता खडा गर्नु पर्नेमा सो नगरी एउटै खातामा तथा जिन्सी संकेत नं. समेत उल्लेख नगरी अभिलेख राखेको पाइयो सो सम्बन्धमा कानुनमा व्यवस्था भएबमोजिम खर्च भएर जाने र नजाने मालवस्तु अभिलेख तयार गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| १८. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई गाँउपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले सफ्टवयरको प्रयोग नगरी म्यानुअल प्रणालीमा लेखा राखेको छ ।यस तर्फ तत्काल सुधार गर्नु पर्दछ । | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १९. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानिय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले कानूनको उक्त व्यवस्था बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था समेत देखिन आयो । यस सम्वन्धमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | |
| २०. | **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले सार्वजनिक सुनुवाई गरी सेवाग्राहिले उपस्थिति जनाएको माईन्यूट गरेता पनि सार्बजनिक परीक्षण गरी सेवा प्रवाहमा सुधार गरेको छैन । | |
| २१. | **प्रगति विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (३) मा गाँउपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । गाँउपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ । | |
| २२. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २३. | **स्थानीय तहका पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार अपिहिमाल गाँउपालिकाले देहाय बमोजिम यस वर्ष रु.९०५४६०५ सुविधावापत भुक्तानी भएको छ । | |

| सि. नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २५००० | १२०००० | ४८००० | ८०००० | ३६३६००० गत आ.व<br>३६३६०००<br>७२७२००० |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | ११०० | १००० | ३००० | - | - | ६१२०० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | ६७५०००.०० |
| ४ | पुस्तक पत्रपत्रिका (मासिक) | - | - | - | - | - | - |
| ६ | अनुगमन भत्ता (मासिक) | - | - | - | - | - | ८७४४०५.०० |
| | **चालु आ.व.जम्मा** | | | | | | **५४१८६०५.००** |
| | **गत वर्ष जम्मा** | | | | | | **३३६३६०००.००** |
| | **कुल जम्मा** | | | | | | **९०५४६०५.००** |

| | | |
|---|---|---|
| २४. | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले सो बमोजिमको सूचि तयार नगरी सालबसाली टुक्रे योजनाहरुमात्र संचालन गरेको छ । | |
| २५. | **आर्थिक कारोबार बन्द नगरेको :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ मा सालतमाम हनुभन्दा कम्तिमा ७ दिन अगाडी भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र आर्थिक कारोबार बन्द गरेपछि निकासा र खर्चको लेखा अध्याबधिक गरि बाँकी रहेको रकम सम्बन्धित संचित कोषमा फिर्ता गर्ने व्यवस्था छ । स्थानिय संचितकोष खाताबाट आर्थिक वर्ष समाप्त भएपछि २०७६/०४/०८ मा चालु खर्च खातामा रु. २,५०,००,०००।- रकम ट्रान्सफर गरेको र २०७६/०५/०८ मा आर्थिक वर्ष ०७५/७६ को बाँकी रकम रु. २५०५५९०१।५० निकासा फिर्ता गरेको चालु खर्च खाताको मौज्दात बाकी रकम रु. २५९५९०१।५० र पुजीँगत खर्च खाताको मौज्दात बाँकी रकम रु. ४६६४०१७।- २०७६/०४/२७ मा स्थानीय संचित कोष फिर्ता गरि खर्च खाताको मौज्दात शुन्य भएको बैङ्क स्ट्टमेन्ट बाट देखिएकोले समयमा आर्थिक कारोबार बन्द नगरी कारोवार भईरहेको देखिन्छ ।  तोकिएको समयमा आर्थिक कारोबार बन्द नगर्दा आर्थिक कारोबारको लेखा दुरुस्त नहुने र नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । आर्थिक वर्ष समाप्त हुनुभन्दा सातदिन अगाडी आर्थिक कारोबार बन्द गरी निकासा र खर्चको लेखा  अद्यावधिक गरेर बाँकी मौज्दात सम्बन्धित संचितकोषमा फिर्ता हुनुपर्दछ | |
| २६. | **खर्च नभएको रकम फिर्ता नभएको :** अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७५।७६ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनको दफा ७ मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । सशर्त अनुदान तर्फ गरिव घर पहिचान कार्यक्रमको लागि आएको बजेट वर्षान्तमा खर्च भएको जनाई आन्तिरिक कोषमा जम्मा गरेको रकम रु.९७७०००।०० संघीय संचित कोषमा दाखिला हुनु   पर्दछ । | ९७७०००/- |
| २७. | **कामको नापजांच र नापी कितावः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा स्थानिय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने,  सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विकास योजना तथा कार्यक्रममा भएको कामको तोकिएको प्राविधिकबाट तोकिए बमोजिम नापजांच र प्राविधिक पुष्याई गर्नुपर्ने प्रावधानहरु रहेको छ । कार्यालयले योजना तथा कार्यक्रममा भएको कामको नांपजाच र जांचपास गर्दा केहि योजना तथा कार्यक्रमहरुमा लुज सिटको पानामा नापजांच गरी प्रविष्टि गरेको छ भने केहि योजना तथा कार्यक्रमको हार्डकपि नापी कितावमा योजना वा कार्यक्रम पिच्छे छुट्टा छुट्टै प्रविष्टि गर्ने गरेको छ । लुज सिटमा प्रविष्टि गर्दा कुनैमा Measurement sheet, कुनैमा Detail measurement sheet, कुनैमा Cost valuation वा खर्च बिबरण आदि उल्लेख गरी प्रविष्टि गरेको छ । यस प्रकार गरेको नापजांचको अभिलेख अद्यावधिक गरी नराखेको तथा र रनिङविलहरु  तथा कार्य सम्पन्न प्रतिवेदन पनि तोकीएको ढाँचामा राखेको छैन जस्ले गर्दा अघिल्लो विलको कामको परिमाण र रकम नखुल्ने दाहोरो भुक्तानी हुन सक्ने अवस्था रहन्छ । यस तर्फ गाँउपालिकाले तत्काल सुधार गर्नुपर्दछ । | |
| २८. | **मू.अ.कर दाखिलाः** मु.अ.कर ऐन, २०५२ तथा नियमावली, २०५३ बमोजिम कार्यालयले भुक्तानी दिएको १३ प्रतिशत मु.अ.कर रकमको ५० प्रतिशत मु.अ.कर रकम कट्टी गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले यस प्रकार कट्टी गरेको मु.अ.कर रकम कुन कुन व्यक्ति वा संस्थाको के कति कट्टी गरी के कति रकम राजस्वको सम्वन्धित खातामा दाखिला गरियो सो अभिलेख तयार नगरेबाट यकिन हुन सकेन । | |
| २९. | **अग्रिम कर समयमा दाखिला नगरेको :** आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानीमा कट्टा गरेको अग्रिम कर समयमा दाखिला नगरी एकमुष्ट रकम रु.४२२३४१।०० मिति २०७६।०३।३१ मा दाखिला गरेको देखियो । ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन नगरेको र समयमा दाखिला गर्नेतर्फ ध्यान नदिएको  कारणले समयमा दाखिला नभएको हुनसक्ने देखियो ।  समयमा दाखिला नहुदा आर्थिक कारोवारको लेखा अद्यावधिक नहूने र राजश्व आम्दानी दाखिला ढिला हुने देखियो । ऐनमा व्यवस्था भएअनुसार भूक्तानीमा कट्टी गरिएको अग्रिम कर | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | समयमा दाखिला गरी लेखा दुरुस्त हुनुपर्दछ । | |

३०. **एकमुष्ठ बजेट विनियोजन :** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा सभाले योजना तथा कार्यक्रम सहितको बजेट पारित गर्ने व्यवस्था छ । सभाले पारित गरेको सुरु बजेटमा निम्नानुसारका बजेट योजना तथा कार्यक्रमगत नभइ एकमुष्ट बजेट विनियोजन गरि पछि छुट्याइएको छ । योजना तथा कार्यक्रमगत बजेट विनियोजन नगरी पछि योजना छुट्याउदा योजना छनौट कार्य प्रभावकारी नहुन सक्दछ । सुरु बजेट विनियोजन गर्दा योजना तथा कार्यक्रमगत रकम विनियोजन गरी एकमुष्ट बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यस वर्ष एकमुष्ट बजेट विनियोजनको क्षेत्र निम्न छ ।

| सि.नं. | विनयोजन गरेको क्षेत्र | रकम रु.(हजारमा) |
|---|---|---|
| १ | पर्यटन पुर्वाधार विकास | १५००।०० |
| २ | स्वास्थ्य क्षेत्र सुधार | २७००।०० |
| ३ | समपुरक कोषमा | ११०००।०० |
| ४ | शिक्षा सुधार कार्यक्रम | १०२००।०० |
| ५ | सार्वजनिक निर्माण | १३४७।०० |
| | **जम्मा** | **२६७४७।००** |

३१. **स-साना योजना छनौट :** स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ७१ मा योजना तथा कार्यक्रम सहितको आय व्ययको बजेट सभाले पारित गर्ने व्यवस्था छ । सभाले पारित गरेका योजना तथा कार्यक्रमहरु साना र धेरै योजनाहरु छनौट भएको देखिन्छ ।यसरी स-सना योजनाहरु छनोट हुँदा बढी प्रतिफल दिन नसक्ने , दिगो योजनाहरु कार्यान्वयन नहुने, प्रभावकारी अनुगमन नहुने प्रशासनिक खर्च बढी हुने तथा दिगो तथा गुणस्तरीय विकासमा वाधा पुग्ने र समग्र योजना कार्यान्वयनमा समेत समस्या हुने देखिन्छ । गाँउपालिकाले योजना छनोट गर्दा उत्पादन र उत्पादक्त्व बढ्ने तथा आम नागरिकको जिवनस्तर माथि उकास्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ । गाउँपालिकाले धेरै प्रतिफल दिनसक्ने ठुला योजनाहरु छनौट गरी योजनाको दिगोपनामा जोड दिइ धेरै स-साना योजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।यस वर्ष गाँउपालिकाले सञ्चालन गरेका टुक्रे योजनाको विवरण निम्न छन ।

| योजना | संख्या | रकम रु.(हजारमा) |
|---|---|---|
| रु ५ लाख भन्दा कमका योजना | ६५ | १९२९४।०० |
| रु ५ लाख भन्दा माथि रु १० लाख सम्मका योजना | ३० | २७१०५।०० |
| रु १० लाख भन्दा माथिका योजना | ६ | १९२००।०० |

३२. **उपभोक्ता समितिबाट भएको निर्माण कार्य** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य रोजगारी सिर्जना गर्ने र लाभग्राही समुदायलाइ सहभागी गराउने भएमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरि त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा एक करोड भन्दा बढी लागत अनुमानको कार्य गराउन नमिल्ने, साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान उल्लेख गर्नुपर्ने, हेभी मेशिनहरु प्रयोग गर्न नमिल्ने, आफुले पाएको निर्माण कार्य सवकन्ट्याक्टरबाट गराउन नमिल्ने र निर्माण कार्य सम्पन्न भएपछि आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने र खरिद नियमावलीको नियम १९ मा स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था छ ।

स्थानीय तहले धेरैजसो निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा ऐनमा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता, दिगोपना र रोजगारी सिर्जना गर्ने पर्याप्त आधारहरु सुनिश्चित गरेर निर्माण कार्य गराएको देखिदैन । खरिद नियमावलीमा भएका व्यवस्थाहरु अधिकांश सडकका आयोजनाको कुल लागत अनुमान एक करोड भन्दा बढी हुने साठी लाख भन्दा बढी लागत अनुमान भएकोमा प्रत्येक इकाइमा उपभोक्ताले गर्नुपर्ने योगदान उल्लेख नहुने, सडक निर्माण कार्यका योजनाहरुमा हेभी मेशिन प्रयोग हुने, हेभी मेशिनको प्रयोग कन्सटक्सन कम्पनी मार्फत हुने गरेका र निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिलाइ आयोजना हस्तान्तरण हुने नगरेको र स्थायी लेखा नम्बर नलिएकाले उपभोक्ता समिति

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | मार्फत निर्माण कार्य गराउन मिल्ने देखिदैन । नियममा भएका व्यवस्थाको कार्यान्वयन नगरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा ऐन नियममा भएका व्यवस्थाको कार्यान्वयनमा असर परेको छ । खरिद ऐन नियममा भएका व्यवस्थाको पुर्ण रुपमा कार्यान्वयन गरेर मात्र उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्ने अन्यथा उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा नियन्त्रण हुनुपर्दछ । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन् । | |
| ३३. | **उपभोक्ता समितिले गरेको खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उदेद्दय रोजगारि शिर्जना गर्ने भएमा कार्य गर्न सकिने व्यवस्था छ । उपभोक्ता समितिबाट गराएको निम्न कार्यहरुको फर्महरुको खरिद विल भुक्तानी भएको देखिएकोले खर्च नियमअनुसार देखिएन । उपभोक्ता समिति मार्फत फर्म/कम्पनीबाट खरिद भएको कार्यको भुक्तानी हुदाँ ऐन, नियमको प्रकिृया पुरा गरि खरिद कार्य नहुने हुँदा प्रतिस्प्रर्धा नहुने र गुणस्तरको परिक्षण समेत नहुने हुदा खरिद कार्य मितव्ययी एवं गरणस्तरयुक्त भएको सुनिश्चितता हुर्दैन । ऐन नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समिति माफर्त कार्य गराउदा मितव्ययी र गरणस्तरियता हुने आधार स्पस्ट गराएर निर्माण कार्य मात्र गराई सामान खरिद कार्य गराउन मिल्ने नदेखिएकोले खर्च नियमानुसार नदेखिएको रु.......... | ४३९७७२२।७० |

| गो.भौ.नं.र मिति | खरिद कार्य | फर्मको नाम | रकम रु. |
|---|---|---|---|
| ५९/०७५/१०/७ | घट्टेखोला जलविद्युत आयोजनामा पोल खरिद | माँ शक्ति इन्जिनियरिङ् एण्ड हाईड्रोपावर | ३६९१७१०।०० |
| ५९/०७५/१०/७ | भवानी आधारभुत विद्यालय निर्माण सिमेन्ट र रड खरिद | एल.डि. कन्सट्रक्शन | ७०६०१२।०० |
| जम्मा | | | ४३९७७२२।०० |

| | | |
|---|---|---|
| ३४. | **बीमा नगरेको :** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निमार्ण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ । निम्न निमार्ण कार्यको निमार्ण व्यवसायीले वीमा गरेको देखिएन । लागत अनुमान तयार गर्दा परिमाण सूचीमा बीमाको आइटम समावेश नभएको कारणले वीमा नगरको हुन सक्दछ । निमार्ण कार्यको वीमा नहुँदा जोखीम वहन गर्ने कार्य नहुने देखियो । नियममा व्यवस्था भए अनुसार जोखिम बहन गर्नको लागी निमार्ण कार्यको वीमा गराउनु पर्दछ । यस वर्ष विमा नगराई गरेको कार्य विवरण निम्न छन । | |

| निर्माण कार्य | निर्माण व्यवसायीको नाम | सम्झौता रकम रु. | भुक्तानी रकम रु. |
|---|---|---|---|
| गाँपालिका भवन निर्माण ब्लक ए | भीम सिंह निमार्ण सेवा | ९१६०४६६.०० | ५१९७६४०.४४ |
| गाँपालिका भवन निर्माण ब्लक बी | एल.वि.कन्सट्रक्सन | ९१४७३७१.७३ | ४६२२८५८.३६ |
| पर्यटकीय पदमार्ग निर्माण ब्लक ए | एम.बी/एल्डी जे.भी | १३८९१०८९.४३ | ५२२५८६६.२७ |
| पर्यटकीय पदमार्ग निर्माण ब्लक बी | अपिहिमाल निमार्ण सेवा | १३१९६८२४.७८ | ६२१६२३५.९९ |

| | | |
|---|---|---|
| ३५. | **विल भरपाई नभएको -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । केटलीगाड लघु जलविद्युत परियोजनालाई रु. १३३३१५०।०० अनुदान निकासा दिएकोमा जिल्ला विकास, र कार्य समूह विच २०७२।११।९ मा त्रिपक्षीय समझौतामा हस्ताक्षर भएको मिति देखि लागु भई २०७३ मा अन्त हुने उल्लेख छ । समझौताको म्याद सकिएपछि पुन नविकरण भएको नदेखिएको र कार्य प्रगति प्रतिवेदन समेत पेश नगरी अनुदान निकासा दिएको रकमको विल भरपाई सहितको प्रमाण पेश भएन । विल भरपाई सहितको प्रमाण बेगर खर्च लेख्दा खर्चको वास्तविकता एकीन हुदैन । खर्च लेखेका रकमको खर्च लेख्न मिल्ने आधार प्रमाण सहित विल भरपाई पेश गर्नुपर्ने रु.... | १३३३१५०।- |
| ३६. | **आर्थिक सहायता :- स्**थानिाय तहमा बेजट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्था तथा सम्पति हस्तान्तरण सम्बन्धि निर्देशीका २०७४ को बुँदा ३.४ मा नेपाल सरकारको अनुदानबाट प्राप्त रकम कुनै पनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाईने व्यवस्था छ । यो वर्ष आर्थिक सहायतामा रु ३४८०००।- खर्च गरेको देखिएकोले खर्च नियमानुसार देखिएन । नियमले नमिल्ने र आर्थिक सहायतामा खर्च गर्दा नियम कार्यन्वयनमा असर परेको छ । नियमले वितरण गर्न नमिल्ने आर्थिक सहायता रकम वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने रु.................... | ३४८०००/- |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३७. | **अग्रिम कर कट्टा नगरेको :-** ५२/२०७५/१०/०२ आयकर ऐन २०५८ बमोजिम पारिश्रमिक र पुरस्कार रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । सदस्य सचिव जनक सिह ठेकरे को पेश्की फछ्यौट तथा बिल भुक्तानी गर्दा निम्नानुसारको पारिश्रमिक र पुरस्कार रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरेको रकम असुल हुनुपर्ने रु............ | ४५०००/- |

| सहभागीको नाम | भुक्तानी रकम | अग्रिम कर प्रतिशत | रकम रु. |
|---|---|---|---|
| एम्पायर हेमराज जोशी पारिश्रमिक | ६००००/- | १५ | ९०००.०० |
| एम्पायर किशन महत पारिश्रमिक | ६००००/- | १५ | ९०००.०० |
| एम्पायर नरेन अन्सारि पारिश्रमिक | ६००००/- | १५ | ९०००.०० |
| एम्पायर लोकेश जोशी पारिश्रमिक | ६००००/- | १५ | ९०००.०० |
| एम्पायर जानकी भट्ट पारिश्रमिक | ६००००/- | १५ | ९०००.०० |
| जम्मा | | | ४५०००.०० |

| | | |
|---|---|---|
| | **वित्तीय समानीकरण चालुतर्फ** | |
| ३८. | **विद्यालयलाई अनुदान निकासा-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा स्वीकृत बजेटको परिधिभित्र रही प्रचालित कानुन बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । निजी शिक्षकहरुको तलब भत्ता बाफत वित्तिय सामानिकरण पुजीँगत शिर्षकबाट रु. ६९६५२००।०० बिभिन्न १३ बिद्यालयलाई अनुदान निकासा दिएकोमा सामुदायिक बिद्यालय सञ्चालनकार्य भएकोले स्वीकृत दरबन्दि बेगर यो शिर्षकबाट विद्यालयलाई अनुदान निकासा दिएको रकम नियमानुसार देखिएन । सामुदायिक विद्यालयहरुको लागि शशर्त अनुदान शिर्षकमा बजेट विनियोजन भएकोमा यो शिर्षकबाट खर्च लेख्दा खर्चमा दोहोरोपना हुन सक्ने र गाउँपालिकालाई खर्चको व्ययभार थप हुन गई विकास निर्माणका योजनाहरु सञ्चालनमा असर पर्ने देखिन्छ । सामुदायिक विद्यालयहरुका निजी शिक्षकहरुलाई स्वीकृत दरबन्दि बेगर यो शिर्षकबाट खर्च लेख्न मिल्ने आधार प्रमाण नदेखिएको । रु........................ | ६९६५२००।०० |
| | **ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तर्फ :** | |
| ३९. | **कर विजक वेगर भुक्तानी :-** मुल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनु पर्ने व्यवस्था छ । त्यस्तै आयकर ऐन २०५८ को दफा १० छ (२) मा दफा २ को खण्ड (ध)वमोजिम छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित अन्य योगदानहरुमा कर छुट हुने कानूनी व्यवस्था छ । त्यसै गरी ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना कार्यान्वयन निर्देशिका २०७५ मा सहयोगी संस्था छनोट तथा परचिालन कार्यविधिमा मुनाफा रहित गैर सरकारी संस्थाको रुपमा रहेको संस्थाले सम्बन्धित कर कार्यालयवाट कर छुटको प्रमाण पत्र अनिवार्य भनि उल्लेख छ । यस गाँउपालिका अन्तर्गत सञ्चालित विभिन्न तालिम लगायतका कार्यक्रम गर्न समाज कल्याण समाज नेपाल दार्चुला सँग सम्झैता गरी कार्य गरेकोमा उक्त संस्थाले २०६२ सालमा कर छुटको प्रमाण पत्र लिएकोमा त्यसको नविकरण समेत गरेको छैन ।त्यसैगरी यस गैरसरकारी संस्थाका क्रियाकलाप मुनाफा आर्जन गर्ने क्रियाकलाप सँग सम्बन्धित देखिन्छ । यस संस्थालाई कर विजक वेगर तल उल्लेखित रु.२५४७२३०।०० भुक्तानी भएकोले आयकर ऐन ,२०५८ को दफा ८८(१) बमोजिम भुक्तानी रकमको १५ प्रतिशतले हुने रु.३८२०८५।०० सम्बन्धितवाट असुल हुनु पर्दछ । | ३८२०८५/- |

| **गौ.भौ.नं./मिति** | **भुक्तानी लिने संस्था** | **भुक्तानी रकम रु.** |
|---|---|---|
| २०-२०७५/१२/२६ | समाज कल्याण समाज नेपाल दार्चुला | ६८१२३०.०० |
| २०७६/३/८ | समाज कल्याण समाज नेपाल दार्चुला | ७०००००.०० |
| २०७६/३/२७ | समाज कल्याण समाज नेपाल दार्चुला | ११६६०००.०० |
| **जम्मा** | | **२५४७२३०.००** |

| | | |
|---|---|---|
| ४०. | **दोहोरो भत्ता :** भ्रमण खर्च नियमावली , २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्डभत्ता | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ,बैठक भत्ता तालिम भत्ता,स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने कानुनी व्यवस्था छ ।जलस्रोत अधिकृत मनोहर नाथ जोशीले तल उल्लेखित दिनमा दैनिक भ्रमण भत्ता बुझेको अवधिमा फिल्ड भत्ता समेत बुझेको देखिएकाले भ्रमण अवधिको जम्मा २६ दिनको दैनिक रु. ५०० का दरले फिल्ड भत्ता रु.१३०००।०० असुल हुनुपर्दछ । | १३०००/- |

| क.सं. | गो.भौ.नं.र मिति | भ्रमण अवधि | जम्मा दिन |
|---|---|---|---|
| १ | १-२०७५/८/१७ | २०७५/७/२६-२०७५/७/३० | ५ |
| २ | २०७५/६/१६ | २०७५/६/१६-२०७५/६/२५ | १० |
| ३ | २८-२०७६/२/१ | २०७६/१/२५-२०७६/१/२९ | ५ |
| ४ | ४२-२०७६/३/२७ | २०७६/२/२३-२०७६/२/२८ | ६ |
| **जम्मा** | | | **२६** |

| | | |
|---|---|---|
| ४१. | **भ्रमण आदेश तथा भ्रमण निर्णय वेगर भ्रमण खर्च :** भ्रमण खर्च नियमावली ,२०६४ को नियम ३ (१) मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्ने गरी काजमा जान हादैन भन्ने कानुनी व्यवस्था छ । तल उल्लेखित पदाधिकारी तथा कर्मचारीले भ्रमण आदेश तथा भ्रमण विल वेगर खर्च जनाएको रु.१५४८०।००समबन्धितबाट असुल हुनु पर्दछ । | १५४८०/- |

| सि.न | भत्ता बुझ्नेको नाम | दिन | रकम रु. |
|---|---|---|---|
| १ | धर्मानन्द सिंह मन्याल | २ | ३५२०/- |
| २ | उर्मीला बोहोरा | २ | ३०००/- |
| ३ | रामचनद्र ठगुन्ना | २ | ३५२०/- |
| ४ | रविन्द्र सिंह बोहोरा | २ | २८००/- |
| ५ | वहादुर मन्याल | २ | २६००/- |
| **जम्मा** | | | **१५४८०/-** |

| | | |
|---|---|---|
| ४२. | **बहाल कर :** आयकर ऐन २०५८ को दफा ८८(४) मा वासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेमा दश प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने कानुनी व्यवस्था भएकोमा तल उल्लेखित उपभोक्ता समितिले निर्माण गर्दा साधन द्वारा ढुवानी गरेको तथा स्टोर भाडा वापतको खर्च जनाएकोमा वहाल कर कट्टी गरी दाखिला नगरेको देखिएकाले सम्बन्धितवाट असुल हुनु पर्दछ । | २८८३३/- |

| सि.नं. | उपभोक्ता समिति | कर रकम रु. |
|---|---|---|
| १ | तिम्ला चौलानी खानेपानी तथा सरफाई उपभोक्ता समिति | १५५५३/- |
| २ | पन्यार खोला खानेपानी तथा सरफाई उपभोक्ता समिति | १३२८०/- |
| **जम्मा** | | **२८८३३/-** |

| | | |
|---|---|---|
| ४३. | **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्त्तावाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने कानुनी व्यवस्था रहेकोमा नियम विपरित तल उल्लेखित फर्महरुवाट प्रस्ताव माग नगरी सोझै खरिद गरेकोले नियमानुसार नदेखिएको रु............ | ७४८२५०/- |

| गो.भौ.नं.र मिति | आपूर्तिर्त्ता | रकम रु. |
|---|---|---|
| १९-२०७५/१२/१३ | हिमाली शेर्पा स्याउ नर्सरी उद्योग मुस्ताङ स्याउको विरुवा खरिद | १५६०००.०० |
| १९-२०७५/१२/१३ | लाटिनाथ एग्रो कन्सर्न पोलि हाउस तथा कृषि समाग्री | ३६२२५०.०० |
| २२-२०७६/१/५ | एग्रो मनाङ प्रा.लि.स्याउको विरुवा खरिद | २३००००.०० |
| | | **७४८२५०.००** |

| | | |
|---|---|---|
| | **सवैको लागी शिक्षा कार्यक्रम तर्फ :** | |
| ४४. | **विद्यालयलाई बढी निकासा :** सरकारी रकम खर्च गर्दा खर्चको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (८) मा व्यवस्था छ । गाँपालिकाले तल उल्लेखित विद्यालयहरुमा निकासा दिदा अवकास प्राप्त | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | शिक्षकलाई समेत भुक्तानी दिएको देखिएकाले बढी भुक्तानी भएको जम्मा रु.३८५९७२।०० बढी निकसा माग गर्ने तथा भुक्तानी गर्ने पदाधिकारीबाट असुल हुनु पर्दछ । | ३८५९७२.०० |

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | अवकास मिति | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १ | सरस्वती नि.मा.वि मरखोला | जहर सिंह रोकाय | २०७५/११/२७ | १३२५२०.०० |
| २ | सिद्धनाथ आ.वि.घाँजिर | विस्मती धामी | २०७५/११/२७ | ४०६३०.०० |
| ३ | हिमालय नि.मा.वि पाथा | भागीरथी कार्की | २०७५/११/२७ | ४०६३०.०० |
| ४ | डाडावाघ आ.वि लुमथी | राजेन्द्र सिंह धामी | २०७५/११/२७ | ४०६३०.०० |
| ५ | महादेव मा.वि.घुषा | धनमती लोथ्याल | २०७५/११/२७ | ४०६३०.०० |
| ६ | गौरी शंकर प्रा.वि मञ्जे | गोपाल सिंह खत्री | २०७५/११/१ | ९०९३२.०० |
| **जम्मा** | | | | **३८५९७२.००** |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४४.१ | **स्थानिय भत्ता :** यस गाँउपालिका अन्तर्गतका तल उल्लेखित १५ वटा विद्यालयका शिक्षकलाई ४५ दिन विदा अवधिमा समेत स्थानिय भत्ता भुक्तानी भएको देखिएकाले सम्बन्धित विद्यायलायवाट असुल गरी दाखिला गर्नु पर्ने रु... | ५९०६७०/- |

| क.स. | विद्यालयको नाम | तह | श्रेणी | संख्या | स्थानीय भत्ता दर | ४५ दिनको भत्ता | बढी भूक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | महादेव प्रा.वि. ल्वाथी | प्रा.वि. | द्वितीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | महादेव प्रा.वि. ल्वाथी | प्रा.वि. | तृतीय | १ | ६४६० | ९६९० | ९६९० |
| | जम्मा | | | | | | २१२५५ |
| २ | महादेव प्रा.वि. खडीयान | प्रा.वि. | तृतीय | २ | ६४६० | ९६९० | १९३८० |
| | जम्मा | | | | | | १९३८० |
| ३ | गौरीशंकर मञ्जे | प्रा.वि. | द्वितीय | २ | ७७१० | ११५६५ | २३१३० |
| | गौरीशंकर मञ्जे | प्रा.वि. | तृतीय | ३ | ६४६० | ९६९० | २९०७० |
| | जम्मा | | | | | | ५२२०० |
| ४ | महादेव मा.वि. घूसा | प्रा.वि. | तृतीय | २ | ६४६० | ९६९० | १९३८० |
| | महादेव मा.वि. घूसा | प्रा.वि. | द्वितीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | जम्मा | | | | | | ३०९४५ |
| ५ | भवानी आ.वि. सिति | प्रा.वि. | द्वितीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | भवानी आ.वि. सिति | प्रा.वि. | तृतीय | २ | ६४६० | ९६९० | १९३८० |
| | जम्मा | | | | | | ३०९४५ |
| ६ | हिमालय आ.वि. पाथा | प्रा.वि. | द्वितीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | हिमालय आ.वि. पाथा | प्रा.वि. | तृतीय | ३ | ६४६० | ९६९० | २९०७० |
| | हिमालय आ.वि. पाथा | नि.मा.वि. | तृतीय | २ | ७७१० | ११५६५ | २३१३० |
| | जम्मा | | | | | | ६३७६५ |
| ७ | खण्डेश्वरी मा.वि. क्षेत्ती | मा.वि. | तृतीय | ४ | ११८१० | १७७१५ | ७०८६० |
| | खण्डेश्वरी मा.वि. क्षेत्ती | नि.मा.वि. | तृतीय | ४ | ७७१० | ११५६५ | ४६२६० |
| | खण्डेश्वरी मा.वि. क्षेत्ती | प्रा.वि. | द्वितीय | ३ | ७७१० | ११५६५ | ३४६९५ |
| | खण्डेश्वरी मा.वि. क्षेत्ती | प्रा.वि. | तृतीय | १ | ६४६० | ९६९० | ९६९० |
| | | | | | | | १६१५०५ |
| ८ | सिद्धनाथ प्रा.वि. घाजीर | प्रा.वि. | तृतीय | १ | ६४६० | ९६९० | ९६९० |
| | सिद्धनाथ प्रा.वि. घाजीर | प्रा.वि. | द्वितीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | जम्मा | | | | | | २१२५५ |
| ९ | शूर्माभवानी प्रा.वि. थूम्ती | प्रा.वि. | द्वितीय | ३ | ७७१० | ११५६५ | ३४६९५ |
| | जम्मा | | | | | | ३४६९५ |
| १० | महादेव प्रा.वि. काटै | प्रा.वि. | द्वितीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | जम्मा | | | | | | ११५६५ |
| ११ | तामाखानी भगवती आ.वि. | प्रा.वि. | द्वितीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | तामाखानी भगवती आ.वि. | प्रा.वि. | तृतीय | १ | ६४६० | ९६९० | ९६९० |
| | जम्मा | | | | | | २१२५५ |
| १२ | सरस्वती आ.वि. मरखोला | प्रा.वि. | द्वितीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | सरस्वती आ.वि. मरखोला | प्रा.वि. | तृतीय | २ | ६४६० | ९६९० | १९३८० |
| | | | | | | | ३०९४५ |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | भवानी आ.वि. सौगन्ना | प्रा.वि. | तृतीय | ३ | ६४६० | ९६९० | २९०७० |
| | भवानी आ.वि. सौगन्ना | नि.मा.वि. | तृतीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | | | | | | | ४०६३५ |
| १४ | छिपूलकेलार मा.वि. धंकं | प्रा.वि. | तृतीय | २ | ६४६० | ९६९० | १९३८० |
| | छिपूलकेलार मा.वि. धंकं | प्रा.वि. | [illegible]तीय | १ | ७७१० | ११५६५ | ११५६५ |
| | | | | | | | ३०९४५ |
| १५ | डाडाबाग प्रा.वि. लूम्थी | प्रा.वि. | तृतीय | २ | ६४६० | ९६९० | १९३८० |
| | | | | | | | १९३८० |
| | जम्मा | | | | | | ५९०६७० |

**समाजिक सुरक्षा भत्ता तर्फ**

| | | |
|---|---|---|
| ४५. | **सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ मा स्थानिय तहले दफा १६ बमोजिमको परिचयपत्रको आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ऐनको दफा १८ मा वितरण गरिएको समाजिक सुरक्षाको अभिलेख तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। यस वर्ष गाँपालिकाले ६ वटा वडा मार्फत जम्मा रु.८०९५४००।०० वितरण गरेकोमा लेखापरीक्षण योजनाले निर्दिष्ट गरे बमोजिम निकासाको आधारमा पहिलो र पाँचौ स्थानका वडाको छनौट गरिएकोमा भरपाईका आधार परीक्षण गरिएको छ । मुल लगत तथा VERSP-MIS मा कति तथ्याङ्क रहेको हो सो सम्बन्धमा यकिन हुन सकिएन । VERSP-MIS तथा मुल लगतलाई अध्यावधिक गरी बैङ्किङ प्रणाली मार्फत वास्तविक लाभग्राहीलाई भुक्तानी हुने व्यवस्था मिलाउने तर्फ गाँउपालिकाले उचित पहल गर्नु पर्दछ। | |
| | **ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम** | |
| ४६. | **पारिवारिक भत्ता :** जिल्ला समन्वय समिति दार्चुलामा कार्यरत इन्जिनियर विरेन्द्र कुमार भ्फाले सरुवा भै खलङ्गा देखि अपि गाँउपालिका जाँदा परिवार साथमा लगेको भनि ४ जना परिवारका सदस्यको जम्मा रु. २८१६० भत्ता बुझेकोले दार्चुलामा परिवार साथमा राखेको अभिलेख तथा करारका कर्मचारीले उक्त सुविधा पाउने कानुनी आधार पेश हुपर्दछ। | २८१६० |
| ४६.१ | **दैनिक भत्ता :** भ्रमण खर्च नियमावली ,२०६४ को नियम ७(४) मा सरुवा भई हाजिर हुन खटिएको कार्यालयमा पुगेको दिनको पच्चिस प्रतिशत मात्रै दैनिक भत्ता पाउने व्यवस्था भएकोमा इन्जिनियर विरेन्द्र कुमार भ्फाले ५ जनाको फर्केको दिनको समेत पुरै दैनिक भत्ता बुझेको देखिएकाले बढी भत्ता रु.६६००।० निवाट असुल हुनु पर्दछ। | ६६००/- |
| ४७. | **नियम विपरित पेश्की :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई एकतिहाई भन्दा बढी पेश्की दिन नमिल्ने र पदाधिकारिहरुलाई पेश्की दिन मिल्ने नियममा व्यवस्था भएको देखिदैन। भवानी आधारभुत विद्यालय निर्माण उपभोक्ता समितिलाई रु. २२७५९९७०८ लागत अनुमान भएको निर्माण कार्यको रु. १४०००००।- पेश्की दिएबाट नियमले व्यवस्था गरेभन्दा बढी पेश्की दिएको र गाउँपालिका अध्यक्षलाई अथिति सत्कार वाफत रु. १०००००।- पेश्की दिएकोमा नियमले नमिल्ने पेश्की दिएको देखियो । नियममा व्यवस्था नभएको पेश्की दिदा नियम कार्यान्वयनमा असर परेको छ। नियमले व्यवस्था नगरेको पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ। | |
| ४८. | **पेश्की बाँकी:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) र (६) मा खरिद सम्झौताको शर्त अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा सरकारी काम काजको लागि दिइएको पेश्की नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ। गाँउपालिकाले उपलब्ध गराएको बिबरण अनुसार निम्नानुसार फछ्र्यौट हुन बाँकी रहेको पेश्की लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नगरी बाँकी राखेको पाइएकोले नियमानुसार फछ्र्यौट हुन पर्ने रु....... | ४८३००००/- |

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | जम्मा रु |
|---|---|---|
| १ | २ | |
| २०७५।१०।२५ | वडा नं ६ बर्थिग सेन्टर समिति | ४५५०००।०० |
| २०७५।१०।२९ | रागपाग विद्आलय भवन समिति | ३५००००।०० |
| २०७५।१०।२९ | साल्ट ट्रेडिग डिपो | २७००००।०० |
| २०७६।०१।२५ | सक्षम समाज दार्चुला | ३०००००।०० |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २०७६।०१।२६ | घट्टेखोला जलिवद्युत समिति | २४५००००।०० |
| २०७५।०५।१५ | रेडियो नयाँ नेपाल | १५००००।०० |
| २०७५।०८।५ | रेडियो नयाँ नेपाल | २०००००।०० |
| २०७५।१२।२४ | अपिहिमाल खेलकुद विकास समिति | १०००००.०० |
| २०७५।११।२१ | सम्भाड झोलुगेपुल कार्यक्रम समिति | ५५५०००.०० |
| | | ४८३००००.०० |

४९. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| **७०८४८५१/-** | **८३००००/-** | **६२५४८५१/-** |

५०. **अद्यावधिक बेरुजु स्थिति :** अपि हिमालकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| **६२५४८५१/-** | **०** | **२१०९५१२२.७०** | **२७३४९९७३.७०** |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

# अपि हिमाल गाउँपालिका

## अनुसूची-१

**बेरुजु वर्गीकरण**

**२०७५।७६**

(रु.हजारमा)

| **प्रारम्भिक बेरुजू** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजू** | | | **वाँकी बेरुजू** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असूल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | मोविलाइजेशन | कर्मचारी | अन्य | जम्मा |
| ३५ | १६ | २१०९५ | - | - | - | ३५ | १६ | २१०९५ | २४४५ | १२४५९ | १३६१ | - | - | १३८२० | ४८३० | - | - | ४८३० |

# अपि हिमाल गाउँपालिका

## अनुसूची-२

## सञ्चित कोष विवरण

**२०७५।७६**

(रु.हजारमा)

| आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ५२१४१ | १२११९१ | ८१५५५ | ३४२१४ | २३६९६० | ११६३३३ | १२६३२१ | ६३८५ | २४९०३९ | ४००६२ |

# अपि हिमाल गाउँपालिका

## अनुसूची-३

## अध्याबधिक वेरुजु स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | अपि हिमाल गाउँपालिका | दार्चुला | ७०८४८५१.०० | ८३००००.०० | ६२५४८५१.०० | ०.०० | २१०९५१२२.७० | २७३४९९७३.७० |